श्री ५ को सरकार

उद्योग मन्त्रालयको

सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (क) को उपखण्ड (१) (१) को प्रयोजनको लागि देहायका वस्तुहरू उत्पादन गर्ने र सेवा प्रदान गर्ने घरेलु तथा ग्रामीण उद्योगहरूलाई आयकर छूट नदिने गरी तोकेको छ ।

१. आधुनिक (सेलर) बाहेकको चामल, तेल, दाल, मैदा मिल ।
२. चिरानी काठ (सः मिल) ।
३. चुरोट, सिगार, बीडी र सुर्तीबाट बनेका अन्य सामानहरू ।
४. सबै प्रकारका मदिरा, बियर, छ्याङ्ग्रः (सोडा वाटर, जिन्जर एल, टनिक वाटर तथा मिनरल वाटर बाहेक) कार्बोनाइज्ड हल्का पेयहरू ।
५. कत्था र टेनिन् ।
६. फर्निचर ।
७. जिप फास्नर ।
८. स्टेनलेस स्टिलका भाँडावर्तन र अन्य सामान ।
९. मेशीन प्रयोग गरी धुलाई गर्ने ।
१०. वरफ र आइस्क्रिम ।
११. फोटोग्राफी ।

आज्ञाले–
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

उद्योग मन्त्रालयको

सूचना

श्री ५ को सरकारले औद्योगिक व्यवसाय ऐन, २०३८ को दफा १० को खण्ड (ख) को उपखण्ड (२) को प्रयोजनको लागि देहायका वस्तुहरू उत्पादन गर्ने उद्योगको उत्पादन, मिश्रण तथा प्रशोधन प्रक्रियामा प्रत्यक्ष रूपले प्रयोग हुने कोरा माल, सहायक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।